नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौँ, नेपाल।

मितिः २०७७।१०।१५

## प्रेस विज्ञप्ति

आज मिति २०७७ माघ १५ गते चालु आर्थिक वर्ष २०७७।०७८ को नेपाल सरकारको वार्षिक कार्यक्रम तथा बजेटमा उल्लेख भएको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको कार्यान्वयनको अवस्थाका विषयमा सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा छलफल भयो। आज दिउँसो राष्ट्रपति भवन शितल निवासमा भएको छलफलमा कार्यक्रमको आवश्यकता र महत्वका वारेमा माननीय मन्त्री श्री कृष्ण गोपाल श्रेष्ठ र राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. उषा झा ले ब्रिफिङ गर्नुभएको थियो। सो अवसरमा सचिव श्री गोपीनाथ मैनालीले कार्यान्वयनको हालसम्मको प्रगतिको अवस्थाको वारेमा जानकारी गराउनु भएको थियो। कार्यक्रमको जानकारी पछि सम्माननीय राष्ट्रपतिज्यूले कार्यक्रमलाई आवश्यकतामा आधारित रही विद्यालय शिक्षाको विकासमा बढि केन्द्रीत भइ पूर्वाधार विकास एवं शैक्षिक गुणस्तर सुधारका लागि योगदान पुग्ने गरी स्रोतको परिचालन तथा समयमा नै कार्य सम्पन्न गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आवश्यक पहलकदमी लिने विश्वास व्यक्त गर्नु भएको छ।

०७७।१०।१५

दीपक शर्मा
सहसचिव एवम् प्रवक्ता

फोन नं.:
वेबसाइटः www.moest.gov.np